# बागमती गाँउपालिका
## गाँउ कार्यपालिकाको कार्यालय
भट्टेडाँडा, ललितपुर
बागमती प्रदेश, नेपाल

दोस्रो पटक प्रकाशित मिति २०८०/०५/२२

**आन्तरिक आयतर्फको शिलबन्दी बोलपत्र आव्हान सम्बन्धी**
**ढुंगा गिटी बालुवा उत्खनन तथा विक्री वितरण सम्बन्धी बोलपत्र आहवानको सूचना**

स्थानीय निकाय सरकार संचालन ऐन, २०७४ को दफा ११ घ (६), ३ नं. प्रदेश सरकारको आर्थिक ऐन २०७५ को दफा ८(१) र सो सँग सम्बन्धि अनुसुची ५ (संसोधित), गाउँ कार्यपालिकाको निर्णय अनुसार देहाय बमोजिम आन्तरिक आय संकलनको (ठेक्का वन्दोवस्त) कार्य उल्लेखित न्यूनतम **ठेक्का** अंङ्कमा नघटने गरी ( मिति २०८१ असार ३२ गते सम्म ) को लागि ठेक्का बन्दोबस्त गर्नु पर्ने भएको हुँदा इच्छुक दर्तावाला फर्म वा संस्था वा कम्पनीहरुबाट शिलबन्दी बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ। सूचना प्रकाशित भएको मितिले तोकिएको म्यादभित्र तपसिलमा उल्लेखित कानूनी प्रक्रिया पुरा गरेका इच्छुक, योग्य फर्महरुले बोलपत्र खरिद गरी शिलबन्दि बोलपत्र वा इ-विडिङ मार्फत यस कार्यालयमा दर्ता गर्न हुन अनुरोध छ। अन्य थप जानकारीका लागि कार्यालय समय भित्र बागमती गाउँकार्यपालिकाको कार्यालयमा सर्म्पक राख्न सकिने छ वा **www.bagmatimunlalitpur.gov.np** हेर्न सकिनेछ।

**तपसिल**

| आय ठेक्का नं. | ठेक्का शीर्षक | न्युनतम बोल कवोल रकम (भ्याट बाहेकको रकम) | नदी तथा खोलाको विवरण (प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन २०७९ अनुसार उत्खनन् गरिने घाटको विवरण) | उत्खनन, विक्री र निकासी प्रति क्यु. फिट | ( उत्खन्न संकलन र विक्री गर्न पाउने अधिकतम परिमाण ) |
|---|---|---|---|---|---|
| BAGL/NCB/GOODS/080/081-01 | ढुंगा गिटी बालुवा ग्रावेल उत्खनन | १८११४०३।० ( अठार लाख एघार हजार चार सय तिन मात्र ) | खानी खोला | रु ९ प्रति घन फिट | २०१२६७।० ( दुई लाख एक हजार दुई सय सरसठ्ठी घन फिट मात्र ) |
| BAGL/NCB/GOODS/080/081-02 | ढुंगा गिटी बालुवा ग्रावेल उत्खनन | १८९०८५०।५० ( अठार लाख नब्बे हजार आठ सय पचास रुपैया मात्र ) | भस्मे बगर (क) | रु ९ प्रति घन फिट | २१००९४।० ( दुई लाख दश हजार चौरानब्बे घन फिट ) |
| BAGL/NCB/GOODS/080/081-02 | ढुंगा गिटी बालुवा ग्रावेल उत्खनन | १२९०२२७।४० ( बाह्र लाख नब्बे हजार दुई सय सताईस रुपैया मात्र ) | भस्मे बगर (ख) | रु ९ प्रति घन फिट | १४३३५८।६० (एक लाख त्रिचालिस हजार तिन सय अन्ठाउन्न दशमलव साठ्ठी घन फिट ) |
| BAGL/NCB/GOODS/080/081-03 | ढुंगा गिटी बालुवा ग्रावेल उत्खनन | १५२५३९२।० ( पन्ध्र लाख पच्चीस हजार तिन सय बयानब्बे रुपैया मात्र ) | बागमती नदि बगर | रु ९ प्रति घन फिट | १६९४८८।० ( एक लाख उन्नसतरि हजार चार सय अठासी घन फिट ) |
| BAGL/NCB/GOODS/080/081-04 | ढुंगा गिटी बालुवा ग्रावेल उत्खनन | १०२३५१६।० (दश लाख तेईस हजार पाच सय स्रोह रुपैया मात्र ) | बगुवा बगर | रु ९ प्रति घन फिट | ११३७२४।० ( एक लाख तेह्र हजार सात सय चौविस घन फिट ) |
| BAGL/NCB/GOODS/080/081-05 | ढुंगा गिटी बालुवा ग्रावेल उत्खनन | ४००४१५।४० ( चार लाख चार हजार पन्ध्र रुपैया चालिस पैसा मात्र ) | यास्पा बगर | रु ९ प्रति घन फिट | ४४४९०।६० ( चौवालिस हजार चार सय नब्बे दशमलव साठ्ठी घन फिट ) |

शर्तहरु

१) गाउँपालिकाबाट गरिएको वातावरणीय प्रभाव र मूल्यांकन (IEE) मा तोकिएको घाँटगद्दि स्थलहरुबाट मात्र संकलन/उत्खनन् गर्नु पर्नेछ ।

२) यो सूचना प्रकाशित भएको मितिले ३१ औं दिन १२ बजे भित्र बागमती गाउँकार्यपालिकाको कार्यालय, भट्टेडाँडाबाट बोलपत्र खरिद गर्न सकिने छ । खरिद भएका बोलपत्रहरु ३१ औं दिन अपरान्ह १२:०० बजे भित्र बागमती गाउँकार्यपालिकाको कार्यालय, भट्टेडाँडामा दर्ता गर्न सकिने छ र बोलपत्र दर्ता दिनको १:०० बजे खोलिनेछ ।

३) बोलपत्रदाताले खामको बाहिर पट्टी बोलपत्रदाताको नाम, ठेगाना, ठेक्का नं., ठेक्काको विवरण प्रष्ट बुझिने गरी लेख्नु पर्नेछ ।

४) बोलपत्र फाराम खरिद गर्दा नागरिकताको फोटोकपी, रु. ५००० (पाँच हजार मात्र दस्तुर) फिर्ता नहुने गरी बागमती गाउँपालिकाको कार्यालयमा नगद बुझाएको नगदी रसिद वा **गाउँपालिकाको कुमारी वैङ्क, वागमती शाखामा रहेको आन्तरिक राजश्व खाता नं ०७९००३४६९४२०००७ मा जम्मा गरेको भौचर,**,आ.व. ०८०/०८१ मा फर्म कम्पनी संस्थाको नविकरण भएको व्यवसाय दर्ता प्रमाण पत्र र स्थायी लेखा नम्बरको प्रमाण पत्र , कर चुक्ता प्रमाण पत्र, ०८०/०८१ को करचुक्ता म्याद थप गरिएको प्रमाणित पत्र, मु.अ.कर दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी सहित खरिद गर्नु पर्नेछ ।

५) कार्यालयबाट प्रमाणित नभएको बोलपत्र फारामहरुलाई मान्यता दिइने छैन ।

६) ठेक्का लिन इच्छुक व्यक्तीले भ्याट सहित कबोल अंकको नेपाली नागरिक भए ५ (पाँच) प्रतिशत र गैर नेपाली नागरिक भए आफूले कबोल गरेको अंकको १० (दश) प्रतिशतधरौटी वापत रकम धरौटी राख्नुपर्नेछ । धरौटी बापतको रकम यस बागमती गाउँकार्यपालिकाको कार्यालयको नाममा कुमारी बैंक बागमती शाखा, स्थित धरौटि खाता नं. ०७९००३४६९४२००००४(ग ३) मा नगदै जम्मा गरेको वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकले जारी गरेको १२० (एक सय विस) दिन म्याद भएको विडवन्डको सक्कल प्रति संलग्न गर्नुपर्नेछ । उक्त धरौटी रकमलाई किस्तामा समावेश गर्न पाईने छैन र उक्त धरौटि रकम प्रचलित ऐन नियम अनुसार फिर्ता गरिने छ ।

७) बोलपत्र खरिद वा दर्ता गर्ने अन्तिम दिन विदा परेमा सो सम्बन्धी कार्य कार्यालय खुलेको दिनमा क्रमशः गरिने छ । रितपूर्वक पेश भएका टेण्डर दर्ता गर्ने समय सकिए लगत्तै सोही दिन दिनको १:०० बजे विभिन्न कार्यालयका प्रतिनिधि एवं बोलपत्रदाताहरुको रोहवरमा बागमती गाउँ कार्यपालिकाको कार्यालय,भट्टेडाँडा, ललितपुरमा खोलिने छ । ठेकेदार वा निजको प्रतिनिधि उपस्थित नभए पनि टेण्डर खोल्न सकिने छ ।

८) कबोल रकम अंक र अक्ष्रमा प्रष्ट लेख्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइने छ । दर्ताभएको बोलपत्र फिर्ता तथा संसोधन हुनेछैन ।

९) रितपूर्वक दाखिला भएका बोलपत्रहरु मध्ये घटी वा बढी वालाको बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा सूचना नै रद्द गर्ने वा सूचना संशोधन लगायतका सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ साथै कुनै सर्त सहितको बोलपत्र स्वीकार्य हुने छैन ।

१०) ठेक्का कबोल अङ्कको रकम ठेकेदारले तीन किस्ता गरी बुझाउनु पर्नेछ । पहिलो किस्ता संझौता गर्दा बखत कुल कबोल अङ्कको ४०% (चालिस प्रतिशत), दोश्रो किस्ता ३०% (तीस प्रतिशत) फाल्गुण मसान्त र तेश्रो किस्ता ३०% (तीस प्रतिशत) बैशाख मसान्तमा बुझाइसक्नु पर्नेछ । किस्ताबन्दीमा रकम बुझाउने संझौता गरेमा पहिलो किस्ता नगदै र बाँकी किस्ताको हकमा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बाणीज्य बैंकको संझौता अवधी सम्मको परफरमेन्स वण्ड बैंक ग्यारेन्टी पेश गर्नुपर्नेछ । **सम्पूर्ण कबोल रकम एकमुस्ठ नगदै सम्झौताका बखत बुझाएमा १० प्रतिशत सम्म छुट दिन सकिनेछ।**

११) ठेक्का कबोल गर्ने व्यक्ति, फर्म, संस्था वा कम्पनीले थप १३% मूल्य अभिवृद्धि कर संकलन गर्नुपर्नेछ । यसरी संकलित रकम ठेकेदार आफैंले आन्तरिक राजश्व कार्यालयमा बुझाइ सोको प्रमाण गाउँकार्यपालिकाको कार्यालयममा उपलब्ध गराउनु पर्नेछ । उक्त प्रमाण गाउँकार्यपालिकाको कार्यालयमा उपलब्ध नगराएमा नियमानुसारको कारबाही अगाडि बढाइने छ ।

१२) ठेकेदारले नेपाल सरकार, प्रदेश सरकार तथा गाउँकार्यपालिकाको कार्यालयले समय समयमा दिएको निर्देशन पालना गर्नुपर्नेछ । कार्यालय र ठेकेदार बिच कुनै विवाद उत्पन्न भएमा गाउँकार्यपालिको निर्णय अन्तिम हुनेछ ।

१३) ठेकेदारले संझौता पत्रमा तोकिएका बस्तुहरुमा मात्र तोकिए बमोजिमको दरमा कर संकलन गर्नुपर्नेछ । सो भन्दा बढी मालबस्तु वा दररेटमा उठाउन पाइने छैन । पट्टा पुर्जीमा तोकिएको दर तथा तोकिएको सामाग्री भन्दा फरक हुने गरी संकलन गरेमा नियमानुसार कारबाही गरिनेछ ।

१४) गाउँकार्यपालिकाले तोकेको कर संकलन गर्ने रसिदहरु ठेकेदारले आफ्नो तर्फबाट छपाइ सो रसिदहरु यस कार्यालयका कार्यालय प्रमुखबाट प्रमाणित गरी प्रयोग गर्नुपर्ने छ। प्रमाणित नगरी प्रयोग गरिएका रसिदहरुबाट कुनै समस्या आइपरेमा गाउँकार्यपालिका जवाफदेही हुनेछैन ।

१५) अदालतको आदेश/फैसलाबाट मिनाह दिने सम्बन्धमा कुनै निर्णय गरेको अवस्था बाहेक ठेकेदारले ठेक्का संझौता पछि गाउँकार्यपालिकाको कार्यालयमा बुझाउनु पर्ने रकममा कुनै किसिमको मिनाहाको लागि दाबी गर्न पाइने छैन र संझौता तोकिएको समयमा किस्ता रकम बुझाउनुपर्नेछ ।

१६) राष्ट्रिय राजमार्ग र सहायक राजमार्गमा ढाट राखी कर उठाउन पाइनेछैन ।

१७) ठेकेदारले गाउँपालिकाको राजश्व संकलन गर्न बस्ने स्थानमा दररेट सहितको सूचना पाटी टाँस गर्नुपर्नेछ र राजश्व संकलन गर्ने कर्मचारीलाई परिचयपत्र लगाएर मात्र संकलन कार्य गराउनु पर्नेछ ।

१८) ठेक्का संचालन गर्दा कुनै विवाद उत्पन्न भएमा सो विवाद सरकारी राजश्व संकलन गर्न गाउँकार्यपालिकाको सरकारी प्रतिनिधीका हैसियतले आफैं मिलाउनु पर्ने छ ।

१९) गाउँकार्यपालिकासँग ठेक्का सम्झौता गरेको ठेकेदारले IEE नभएको स्थानबाट ढुँगा, गिट्टी, बालुवा र ग्राभेल र माटो संकलन उत्खनन गरेको देखेमा सो ढुवानी साधनालाई नजिकको प्रशासनिक निकाय (सुरक्षा तथा बन कार्यालय) हरुको सहयोग लिई आवश्यक कारबाही गर्नुपर्ने छ । साथै त्यस्तो अवैधानिक कार्यमा रोक लगाउन सहयोग गर्नु सबैको कर्तव्य हुनेछ ।

२०) ढुंगा गिटी बालुवा ग्रावेल, भरान (माटो) झिक्नुपर्ने घाँटगद्दी स्थलसम्म जान आउन आवश्यक पर्ने बाटो बनाउन तथा बाटो मर्मत गर्नु पर्ने अवस्था आएमा ठेकेदारले आफ्नै तर्फबाट गर्नुपर्ने छ । ढुंगा गिटी बालुवा ग्रावेल, भरान (माटो) लिन कुनै व्यक्ति वा निकायको निजी जग्गा वा बनक्षेत्र भित्र जानुपर्ने भएमा सम्बन्धित व्यक्ति वा निकायको स्वीकृत लिएर गर्नु परेमा स्वयं ठेकेदारले लिनुपर्नेछ ।

२१) नदीको किनारबाट भूक्षय हुनेगरी डिल, भिर, भित्तो खनन् खोरस गरी ढुंगा गिटी बालुवा ग्रावेल, भरान (माटो) निकाल्न रोक लगाउनु पर्नेछ । त्यसरी निकालेको पाइएमा उक्त कार्य गर्ने ढुवानी साधनहरुलाई सम्बन्धीत निकायमा आवश्यक कारवाहीका लागि ठेकेदानरले पहल गर्नुपर्नेछ ।

२२) ठेकेदारले भिजेको चिसो बालुवाबाट पानी बगी बाटो विगार्ने भएकोले चिसो बालुवा ढुवानीमा रोक लगाउनु पर्नेछ । ढुंगा गिटी बालुवा ग्रावेल, भरान (माटो) छोपेर मात्र ढुवानी गर्ने प्रवन्ध मिलाउनु पर्ने छ ।

२३) ठेकेदारले प्ररम्भिक वातावरणिय परीक्षण (IEE) प्रतिवेदनमा दिएका राय सुझावहरु सम्बन्धित सरोकारवाला सबैलाई आफ्नै तर्फबाट जानकारी गराई सोको पालना गर्न लागउनुपर्नेछ । यस कार्यमा लाग्ने आर्थिक व्ययभार ठेकेदारले स्वयंम व्यहोर्नुपर्नेछ ।

२४) विहान सूर्योदय भन्दा अगाडि र साँझ सूर्यास्त भन्दा पछि ढुवानीका साधनहरुले घाँटगद्दी स्थलमा प्रवेश गर्न पाइने छैन । यसरी नियम विपरित गएका ढुवानी साधनहरुलाई कानुन बमोजिम कार्बाहीहुनेछ ।

२५) खोला तथा नदीको घाँटगद्दी स्थलहरुमा सम्पूर्ण जानकारी सहितको सूचना पाटी ठेकेदार आफैंले बनाइ सबै सरोकारवालहरुले देख्ने गरी आफ्नै खर्चमा राख्नु पर्ने छ ।

२६) गाउँपालिकाबाट प्रमाणित गरी संकलन गरिएका नगदि रसिदहरु ठेकेदारले ३/३ महिनामा गाउँकार्यपालकिाको कार्यालयमा जम्मा गर्नुपर्नेछ । उक्त नगदी रसिद सँगै नदीजन्य पदार्थको कर संकलन गर्ने ठेकेदारले नदीजन्य पदार्थको उत्खननको परिमाण पनि पेश गर्नु पर्नेछ ।

२७) यस सूचनामा उल्लेख भएका शर्तहर यस ठेक्काको प्रयोजनको लागि अभिन्न अंगको रुपमा मानिनेछन् ।

२८) यस सूचनामा उल्लेख भएका विषय यसै सूचना बमोजिम र यस सूचनामा उल्लेख नभएको हकमा प्रचलित ऐन/ नियम र प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन २०७५ बमोजिम हुनेछ ।

२९) ठेकेदारले (IEE) रिर्पोट अनुसारको परिमाण वागमती प्रदेश बाहेक अन्य प्रदेशमा निकासी गर्दा गाउँपालिकाको पूर्व स्वीकृती लिनु पर्नेछ ।

३०) प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन **२०७९**(IEE) का प्रावधानहरुको व्याख्या गर्ने अधिकार बागमती गाउँकार्यपालिकामा सुरक्षित रहने छ ।

३१) बोलपत्र स्वीकृत गर्ने, नगर्ने र पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने सम्बन्धी सम्पूर्ण अधिकार कार्यालयमा निहित रहनेछ ।

३२) अन्य कुराहरु ढुङ्गा, गिटि, वालुवा उत्खनन्, विक्रि तथा व्यवस्थापन संवन्धी मापदण्ड २०७७, वागमती गापा को क्षेत्र भित्र नदिजन्य पदार्थ (सङ्कलन र उपयोग) संवन्धमा व्यवसथापन गर्न वनेको कार्यविधि २०७७ र संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भीक वातावरणीय अध्ययन २०७९ ले गरेको व्यवस्था अनुसार हुनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**